# नेपाल राष्ट्र बैंक
## केन्द्रीय कार्यालय
## विदेशी विनिमय व्यवस्थापन विभाग

इ.प्रा.परिपत्र संख्याः- ५९३ मिति :- २०७०/२/१

नेपाल राष्ट्र बैंक, बैंकिङ्ग कार्यालय लगायत अन्य कार्यालय र इजाजतपत्रप्राप्त “क” बर्गका बैकहरू ।

विषय :- सुन आयात तथा बिक्री वितरण कार्यविधि, २०६८ मा संशोधन गरिएको सम्बन्धमा ।

महाशय,

सुन आयात तथा बिक्री व्यवस्था सम्बन्धमा यस विभागबाट मिति २०६८/१/५ मा जारी गरिएको इ.प्रा.परिपत्र संख्या ५५७ बाट लागू गरिएको “सुन आयात तथा बिक्री वितरण कार्यविधि, २०६८” को परिच्छेद २ को दफा ४ मा भएको “आयात गर्न सकिने सुनको दैनिक परिमाणलाई १५ किलोग्राम कायम गरिएको छ” भन्ने व्यवस्थाको सट्टामा “आयात गर्न सकिने सुनको दैनिक परिमाणलाई २०७० जेठ १ गते देखि २०७० असार मसान्तसम्मको लागि २० किलोग्राम कायम गर्ने” गरि कार्यविधिमा संशोधन गरिएको हुदा सोही बमोजिम गर्नु गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १२ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

भवदीय,

(लिलाप्रकाश सिटौला)
कार्यकारी निर्देशक

**बोधार्थः**

१. श्री गभर्नरको कार्यालय ।
२. श्री डेपुटी गभर्नरको कार्यालय ।
३. श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय व्यबस्थापन महाशाखा, सिंहदरवार, काठमाण्डौ ।
४. श्री नेपाल सरकार, अर्थ मन्त्रालय, भन्सार विभाग, त्रिपुरेश्वर, काठमाण्डौं ।
५. श्री नेपाल सरकार, वाणिज्य मन्त्रालय, निर्यात प्रवर्द्धन तथा अन्तर्राष्ट्रिय व्यापार शाखा, सिंहदरबार, काठमाण्डौं ।
६ श्री बैंक तथा वित्तीय संस्था नियमन विभाग ।
७. श्री बैंक सुपरिवेक्षण विभाग ।
८. श्री आन्तरिक लेखा परीक्षण विभाग ।
९. श्री नेपाल बैंकर्स संघ, हेरिटेज प्लाजा, काठमाण्डौ ।
१०. श्री नेपाल सुनचाँदी व्यवसायी महासंघ, क्षेत्रपाटी, काठमाण्डौं ।
११. श्री नेपाल सुनचाँदी रत्न तथा आभूषण महासंघ, गणबहाल, काठमाण्डौं ।
१२. श्री नेपाल हस्तकला महासंघ, थापाथली, काठमाण्डौं ।